शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक



श्रमिकको तलब बैंक मार्फत भुक्तानी गरौं, भुक्तानी प्रणाली पारदर्शी बनाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
राप्ति उपत्यका (देउखुरी), नेपाल



वर्ष: ९ | अङ्क : २७ | २०७९ चैत २८ गते मंगलबार | 11 April 2023, Tuesday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५/-


## गलत रिपोर्टिङ गर्ने

# महाप्रबन्धक पाण्डेलाई व्यवसायीले सचेत गराए

**गौतमबुद्ध सन्देश**

भैरहवा, २७ चैत।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका विषयमा विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेले विभागीय मन्त्रीलाई गलत रिपोर्टिङ गरेको भन्दै सो क्षेत्रका पर्यटन व्यवसायी, ट्राभल एजेन्ट संघका प्रतिनिधिले उनको कार्यालयमै पुगेर जवाफ मागेका छन्।

आइतबार विमानस्थलको जानकारी लिन आएकी संस्कृति, पर्यटन तथा नागरिक उड्यन राज्यमन्त्री सुशिला श्रीपाली ठकुरीलाई महाप्रबन्धक पाण्डेले भैरहवा तथा विमानस्थल एयरपोर्ट आसपासमा पर्याप्त होटल नहुँदा विमानस्थल सुचारु गर्न नसकिएको बताएको समाचार बाहिरिएपछि व्यवसायी आक्रोशित बनेका छन्।

सोमबार उनको कार्यकक्षमा पुगेका व्यवसायीहरूले जनताको करबाट तलब खाएर उल्टो सूचना दिएर हतोत्साही बनाएको भन्दै माफी माग्न चेतावनी दिए। व्यवसायीहरूले विमानस्थलमा सूचना केन्द्र नराखेको भन्दै गलत सूचना दिए कालोमोसो लगाएर खेदाउने चेतावनी कार्यालयमै पुगेर दिए।

पाण्डेले मन्त्रीलाई उक्त रिर्पोटिङ गरेलगत्तै आइतबार नै त्यहाँ रहेका पत्रकारहरूले महाप्रबन्धक पाण्डेलाई गलत सूचना नदिन तत्काल सचेत गराएका थिए। आफ्नो गल्ती ढाकछोप गर्न भैरहवाको बारेमा गलत ब्रिफिङ्ग किन गरेको ? भनेर प्रश्न गरेपछि पाण्डे जवाफविहीन भएका थिए।

पाण्डेको गलत ब्रिफिङ सच्याउनु पर्ने भन्दै पत्रकारले प्रतिवाद गरेपछि उक्त रिपोर्टनलाई सच्याउने बताएका थिए।

पाण्डेलाई पत्रकारहरूले लुम्बिनी र भैरहवा गरी करिब ५ हजार पाहुना राख्न सक्ने क्षमताका होटल भएको भन्दै वस्तुस्थिति बुझेरमात्र ब्रिफिङ गर्न सुझाए।

होटल व्यवसायीहरू यस आसपासमा होटल तथा रेष्टुरेन्टहरूमा ३० अर्बभन्दा बढी लगानी भएको र विमानस्थललाई आधार बनाएर पछिल्लो समय होटलमा मात्र यहाँका व्यवसायीले थप ४० अर्ब बढी लगानी गरेको बताउँदै आएका छन्।

## गौतम बुद्ध विमानस्थल पूर्ण रुपमा सञ्चालन गर्न माग

# चेम्बर अफ कमर्सले बुझायो मन्त्रीलाई ज्ञापन

भैरहवा, २७ चैत। (गौबुस)

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तत्काल पूर्ण क्षमतामा सञ्चालन गर्न माग गर्दै चेम्बर अफ कमर्स, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) ले सोमबार पर्यटन राज्यमन्त्री सुशिला श्रीपाली ठकुरीलाई ७ बुँदे ज्ञापनपत्र बुझाएको छ। ज्ञापनपत्रमा भारतसँग स्वीकृति लिन माथिल्लो निकायबाट तत्काल पहल गर्नुपर्ने, रुट पहिचान गरी भारतसँग अनुमति लिनुपर्ने र भारतीय दुतावासबाट तुरुन्तै नो अब्जेक्सन सर्टिफिकेट लिन पहल गर्नुपर्ने संगठनले माग गरेको छ। चेम्बर अफ कमर्स, रुपन्देहीका अध्यक्ष अनिल कुमार ज्ञवालीले हप्तामा तीन दिन मात्र उडान गर्न विमानस्थल निर्माण भएको भन्ने उद्योगी व्यवसायीको प्रश्न तथा गुनासो रहेको बताए। उनले विमानस्थल पूर्ण रूपमा सञ्चालनका लागि दबाब दिने उद्देश्यले अन्तरक्रिया कार्यक्रम,



विमानस्थल गेट अगाडी धर्ना तथा विरोध कार्यक्रम गरिएको र मागहरू पूरा नभए तेस्रो चरणको आन्दोलन गर्न बाध्य हुने बताए। 'झण्डै ४३ अर्ब लागतमा निर्माण गरिएको भैरहवास्थित विमानस्थल उद्घाटन भएको १ वर्ष पुग्नै लाग्दा पनि गति लिन सकेको छैन,' उनले भने, 'निजी क्षेत्रको अर्बौंको लगानीमा यस क्षेत्रमा होटल, क्यासिनो लगायतका पूर्वाधार दिनानु दिन बढ्दै गएका छन्। सरकारका साथै निजी क्षेत्रको ठूलो लगानी धरासायी हुने अवस्थामा पुगेको छ।'

भिषा,स्वास्थ्य परीक्षण, बीमा स्वीकृति, कोभिड-१९ विरुद्धको खोप, म्यानपावर कम्पनीका शाखा समेतको व्यवस्था विमानस्थलमा हुनुपर्ने, नेपालका जहाज गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडानका लागि सरकारले तत्काल निर्देशन दिनुपर्ने र विमानस्थल तत्काल पूर्ण रूपमा सञ्चालनका लागि पहल गर्नुपर्ने संगठनको माग छ।ज्ञापनपत्र बुझ्दै राज्यमन्त्री श्रीपालीले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालन हुनुपर्ने निजी क्षेत्रले चिन्ता र चासो व्यक्त गर्नु स्वभाविक भएको बताइन्। उनले यसबारे मन्त्रीपरिषद् बैठकमा कुरा राख्ने र मन्त्रालयबाट आवश्यक पहल गर्ने बताइन्।

# एमालेको प्रमुख उद्देश्य आर्थिक विकास र समृद्धि : ओली



बाँके २७ चैत।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीको प्रमुख उद्धेश्य आर्थिक विकास र समृद्धि भएको बताएका छन्।

सोमबार नेपालगञ्जमा सुरु भएको राष्ट्रिय युवा संघ नेपालको ९ औं राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै अध्यक्ष ओलीले समृद्ध नेपाल सुखी नेपाली नै नेकपा एमालेको प्रमुख उद्देश्य भएको बताए।

उनले भने, 'एमालेले तीनवर्षको अवधीमा आर्थिक विकास र समृद्धिका लागि नमूना योग्य काम गरेको थियो, वर्तमान सत्ता गठबन्धनले देशको आर्थिक अवस्था ध्वस्त बनाएको अवस्था छ।'

अध्यक्ष ओलीले राष्ट्र बनाउने संकल्प एमालेसँग मात्रै रहेको भन्दै रोजगारीका लागि युवाहरु विदेश जाने अवस्था अन्त्य हुन आवश्यक भएको बताए।

महाधिवेशन नयाँ नेतृत्व चयन गर्दै चैत २९ गते सकिने छ। महाधिवेशनमा करिब दुई हजार प्रतिनिधिको सहभागिता छ।

सोहि समारोहमा बोल्दै नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले वर्तमान सरकारले अहिलेको अर्थतन्त्र जोगाउन नसक्ने दाबी गरेका छन्। उनले अहिलेको अवस्था बिग्रिरहेको अर्थतन्त्र जोगाउने साहस वर्तमान सरकारमा नरहेको टिप्पणी गरेका हुन्।

अहिलेका अर्थमन्त्री सकिँदैन कि क्या हो भनेर केही आफ्नालाई भन्नु भएछ मैले सुने उनले भने, 'हो यो गठबन्धनले सक्दैन। यो गलत कामको लागि मात्रै बनेको गठबन्धन हो। यो गठबन्धनले राम्रो गर्न सक्दैन।'

अहिलेको १० दलीय गठबन्धनले जनतालाई कुनै राम्रो कामको आभास दिलाउन नसकेको आरोप लगाए। उनले आगामी निर्वाचनमा एमालेले बहुमत ल्याउने गरि लाग्न समेत निर्देशन दिएका थिए। 'हामी आजैदेखि अर्को निर्वाचनको तयारीमा छौँ अर्को निर्वाचन कहिले हुन्छ थाहा छैन। पाँच वर्षको कार्य पूरा गर्ने पनि लक्षण छैन', उनले भने, 'आगामी निर्वाचनमा एमालेले बहुमत ल्याउने गरि भूमिकामा लाग्नु पर्छ।'

उनले युवा आन्दोलनलाई नयाँ गति दिन आवश्यक रहेको बताएका थिए। 'राष्ट्रिय राजनीतिमा युवा संघको भूमिका अझै बढ्दे देखिन्छ। टाउकोमा रातो फिता बाँधेर सडक उत्रिनु पर्ने अवस्था आउँदै छ। यो गठबन्धनको सरकार जनताको विरुद्धमा, राष्ट्रको विरुद्धमा एक पछि अर्का

▶▶ बाँकी पृष्ठ ४ मा...

# 'जनता आवास' निर्माणमा गुणस्तरहीन इँटा प्रयोग

**घनश्याम भर**

कपिलवस्तु , चैत्र २७।

कपिलवस्तुमा जनता आवास निर्माणमा कमसल इँटा प्रयोग भएका छन्। जिल्लाको विजयनगर गाउँपालिकामा निर्माण भइरहेको जनता आवासमा गुणस्तरहीन (कमसल) इँटा प्रयोग गरिएको पाइएको छ।



लुम्बिनी प्रदेश सरकारको योजनामा निर्माण भइरहेको जनता आवासमा गुणस्तरहीन सामग्री प्रयोग गरिएको स्थानीय इन्द्रजीत चौधरीले गुनासो गरेका छन्। विजयनगर गाउँपालिकामा यस चालु आर्थिक वर्ष २६ ओटा जनता आवास निर्माणका काम भइरहेका छन्। गाउँपालिकाको वडा नम्बर ५ मा ८ ओटा, वडा नम्बर ६ मा ८ ओटा र वडा नम्बर ७ मा १० ओटा जनता आवास घर निर्माण

▶▶ बाँकी पृष्ठ ४ मा...




## सम्पादकीय

# स्वागतयोग्य कदम

सरकारी कर्मचारीलाई सरकारमाथि नै विश्वास छैन । सरकारको नुन खाएका कर्मचारीले आफैले नेतृत्व गरेको संस्थामाथि नै विश्वास गर्दैनन् । यसो हुनुको कारण उनीहरुमा कामचोर प्रवृत्ति छ । सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरु मिहिनेत कम, चाकडी, चाप्लुसी र राजनीति बढी गर्छन् भन्ने आरोप लाग्ने गरेको छ । सबै क्षेत्रमा यस्तै विकृति देखिंदा सरकारमाथि पनि प्रश्न उठ्ने गरेको छ । शिक्षा क्षेत्रको अवस्था अझ दयनीय छ । सरकारी कर्मचारीका छोराछोरी नै निजी बिद्यालयमा पढ्ने गरेका छन् । कमै मात्र होलान् सरकारी विद्यालयमा पढाउने शिक्षकहरु, जसले आफ्ना सन्ततिलाई सरकारी विद्यालयमै पढाऊन् । कपिलवस्तुको शिवराज नगरपालिकाले भने सरकारी र सार्वजनिक सेवामा कार्यरत कर्मचारीका छोराछोरीलाई अनिवार्य सरकारी विद्यालयमा पढाउनुपर्ने निर्णय गरेको छ । नगरपालिकाको यो निर्णय कार्यान्वयन हुन त कठीन नै छ, तर स्वागतयोग्य भने छ। बरु यो निर्णयलाई कार्यान्वयन गराउन सबै क्षेत्रबाट दवाव दिऊँ ।

सरकारी विद्यालयको गुणस्तर खस्किनुको मुख्य कारण शिक्षकहरुको वेवास्ता नै मुख्य कारण हो । साधन श्रोत र बजेटको केहि अंश होला, शिक्षकहरुले मिहिनेत गर्ने हो भने निजी विद्यालयको भन्दा सरकारीको गुणस्तर राम्रो हुन्छ भन्ने कुराको उदाहरण रुपन्देहीका केहि विद्यालयहरुले दिइसकेका छन् । बोर्डिङ्ग स्कुलमा भन्दा सरकारी स्कुलमा विद्यार्थी भर्णा पाउन मुश्किल हुनुको मुख्य कारण सरकारी स्कुलको गुणस्तर सुधार हुनु हो । आफ्ना छोराछोरीलाई अनिवार्य नै गरिएपछि सरकारी विद्यालयको गुणस्तर सुध्रिन्छ भनेर नै शिवराज नगरपालिकाले निर्णय गरेको हो । यो निर्णय कपिलवस्तुको एउटा पालिकाले मात्र होइन, देशैभरिका सबै पालिकाले गर्नैपर्छ । सरकारी सुविधा लिनेले सरकारी संस्थाको विश्वास गर्नैपर्छ । विद्यालय सरकारीमै पढाउने, पाएसम्म स्वदेशी उत्पादन प्रयोग गर्ने बिषयमा हामी सबैको उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ । यसमा तीन तहको सरकारको समन्वयकारी भूमिका हुनुपर्छ । यदि सरकारी शिक्षकहरुलाई नै सरकारी विद्यालयको गुणस्तरमाथि विश्वास हुँदैन भने त्यो चिन्ताको बिषय हो । शिक्षाको सुधारका लागि सामुदायिक विद्यालयहरुको सुधार गर्नैपर्छ । नगर प्रमुख अजय थापाले सार्वजनिक सूचना निकालेरै जनप्रतिनिधि, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा सरकारी कार्यालयमा कार्यरत कर्मचारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउन अनिवार्य गरेका छन् । यो निर्णयलाई कार्यान्वयन गराउन सबै जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरुले पालना गरुन् । अटेरी गर्नेमाथि कार्वाही होस् । यस्तै अभियान सबै ठाउँमा चलाउन सके सामुदायिक विद्यालय निजी जत्तिकै स्तरीय हुनेमा दुईमत छैन ।

# मोहोर बन्न नसकेको फोहोर



डा. प्रकाश बुढाथोकी

काठमाडौं महानगरले अन्तिम फोहोर विर्सजनस्थल बन्चरेडाँडामा अस्पतालजन्य हानिकारक फोहोर पुऱ्याउने कामपा-५ को सुनौलो परिवार नेपाललाई ५० हजार जरिमाना गरेको छ । विगत ७ महिनादेखि अर्थात् साउन १ गतेदेखि स्रोतमा फोहोर वर्गीकरण गरी कामपासहित उपत्यकाका १८ स्थानीय तहको सामान्य फोहोर मात्र व्यवस्थापन गर्न बन्चरेडाँडास्थित डम्पिङ साइट लगिँदै आएको छ।

कुनै बेला दुर्गन्ध फैलिँदा बिरामी र आफन्त तथा आसपासका सर्वसाधारणको गालीसमेत खानुपर्ने तथा व्यवस्थापन टाउको दुखाइ भइरहेको फोहोरबाट भेरी अस्पतालले हाल मोहर कमाइरहेको छ । प्लास्टिक र कागजजन्य फोहोर बिक्री गरेर मासिक ७० हजार आम्दानी गर्छ । संक्रमित रातो डिब्बामा गैरसंक्रमित निलो र हरियो बाल्टिनमा दैनिक २ सय ५० किलो फोहोर उत्पादन हुन्छ। दैनिक १२ सय बिरामी आउने तथा ६ सय केजी फोहोर संकलन हुने लुम्बिनी अस्पतालमा पनि २ सय, २ सय केजी फोहोर निर्मलीकृत गर्न सकिने ३ वटा मेसिन जडान गरिएको छ। इन्सिनेरेटर, बाल्ने, जलाउने तथा सिधै नगरपालिकालाई दिने प्रवृत्ति अन्त्य भएको छ।

नेपालमा वार्षिक करिब ७ लाख टन उत्पादन हुन्छ । २ सय ९३ सहरी स्थानीय तहमा मात्रै ल्यान्डफिल्ड छन् । नेपालमा सन १९७१ तिर अन्तर्राष्ट्रिय दाताहरू आकर्षित हुन थालेपछि सन् १९८१ मा जिटीजेडको सहयोगमा ठोस फोहोर गोकर्ण ल्यान्डफिल्डमा १० वर्ष व्यवस्थापन आयोजना सुरु भएको हो । सन् २००० मा गोकर्ण बन्द भएपछि नदी किनारा र छरछार, सन् २००३ मा बाग्मती, विष्णुमती किनारातिर फाल्ने, सन् २००५ मा १ वर्षसम्म भनिएको सिसडोलमा १७ वर्षसम्म र हाल बन्चरेडाँडामा व्यवस्थान हुँदै छ । संघीय संरचनापछि नेपालमा ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० वटा गाउँपालिका रहेका छन् । २ सय ९३ सहर घोषणा भएका र करिब ६५ प्रतिशत जनता सहरमा बसोबास गर्न थालेका छन् । देशमा एक होइन बिनापूर्वाधार र योजना ८ वटा राजधानी बनेका छन् ।

### बढ्दो फोहोर

फोहोरमैला पारिवारिक तथा आर्थिक क्रियाकलापको उपज हो । आधुनिक युगको सहरीकरण, औद्योगिकीकरण तथा नवजीवनशैलीको पार्श्व प्रभावकैरूपमा फोहोर व्यवस्थापन ज्वलन्त चुनौती बन्दै छ । नेपालमा जनसंख्या वृद्धिसँगै भवन निर्माण, सवारी साधन र उपभोग्य वस्तुको तीव्र विस्तारले वातावरणीय तथा पर्यावरणीय सन्तुलन खलबलिएको छ । खानेपानीको अभाव छ, ढल निकासको व्यवस्था छैन । अव्यवस्थित सहरीकरणले राजधानी र ठूला मध्यम मात्र होइन, साना सहरहरू पनि अत्यन्तै कुरूप तथा फोहोर बनाएको छ।

सबै महानगर, उपमहानगर तथा नगर उन्मुख सहरमा न त व्यवस्थित बसोबास छ, न त योजनाबद्ध पूर्वाधार निर्माण नै । नेपालका हरेक नगर क्षेत्रमा मानवीय संकट बढ्दो छ।

### स्वास्थ्य समस्या

प्रदूषित पानीका कारण जन्डिस, हैजा, झाडापखाला, आउँ, हेपाटाइटिस, टाइफाइड र छालाजन्य तथा एलर्जिक समस्या र मौसमी रोगजस्तै शीतलहर र विभिन्न फ्लुको प्रकोप भइरहेको छ। यथेष्ट शारीरिक व्यायामको अभावमा मोटोपनाको समस्या, मुटुरोग, मधुमेह, उच्च रक्तचाप, हृदयाघात जस्ता दीर्घरोग बढ्दो छ। एचआईभी, औलो, क्षयरोगको संक्रमणको जोखिम बढ्दो छ।

वायु प्रदूषण, मानसिक तनाव, धुम्रपान, मद्यपान, लागू औषधी सेवन, हिंसा, लुटपाट, अस्वस्थकर खाना, ताजा हरियो सागपात र फलफूलको कमीले गर्दा सहरियाको जीवन प्रत्येक पल जोखिमपूर्ण बन्दै गइरहेको पाइन्छ । सार्वजनिक स्थान र सडकपेटीमै भान्साको फोहोर, शौचालयको फोहोर, बीर्ययुक्त कन्डम, महिनावारीमा प्रयोग भएका प्याड, पोलिथिन, प्लास्टिकजन्य कागज, सामान, म्याद गुज्रेका औषधी, खाद्यपदार्थ, कीटनाशकहरू, होटलका बासी खाना, चुरोटका ठुटा, मदिराका बोतल, सवारी साधनजन्य फोहोर, कवाडी, पशुपक्षीका मल तथा मृत जनावर नै देखिन्छन् । गर्मी तथा वर्षायाममा त झन् फोहोरमा झिंगा र थुप्रोबाट पानी, रस बगिरहेका हुन्छन् ।

फोहोरको डंगुरबाट झिंगा, लामखुट्टे, मुसा, चरा तथा गाडीका पांग्रा, जुत्ता चप्पलबाट वरिपरि तथा घरभित्र संक्रमण पुग्दछ । रसाएको फोहोर पानी तथा अन्य जीवजन्तुबाट पानीका स्रोत पनि संक्रमित हुन्छ । जसबाट कीटजन्य, पानीजन्यलगायतका संक्रमणले महामारीको रूप लिन सक्छन् । घरभित्रको फोहोरले इन्फ्लुएन्जा, रुघाखोकी, क्षयरोग, दादुरा, ब्रोंकाइटिस, लहरेखोकी, लुतो, एलर्जीलगायतका चर्मरोग, श्वासप्रश्वासजन्य संक्रमण ल्याउँछ भने मुसाबाट प्लेग, रेबिज, लाम्खुट्टेबाट औलो, कालाजार, इन्सेफलाइटिस, सांला र माउसुलीबाट अन्य विभिन्न रोगहरू लाग्दछ।

बंगुरको मलबाट नाम्ले किरा, भैंसी र रांगाको मलबाट सानो नाम्लेकिरा, कुखुरा तथा पक्षीको मल तथा प्वाँखबाट बर्डफ्लुजस्ता रोग सर्न सक्छ। पानी संक्रमित भई नउमालेर पानी पिउँदा टाइफाइड, हैजा, झाडापखाला, जन्डिस, जुका, भाइरल संक्रमण लाग्दछ । यसरी हजारौंको मृत्यु, लाखौं बिरामी तथा अर्बौं रुपैयाँ खर्च भइरहेको छ।

विश्व स्वास्थ्य संगठनले सन् २००२ मा मेडिकल वेस्ट भनेर नचाहिने, प्रयोग भएका सामग्री, रोगको निदान, उपचार, खोप, अनुसन्धान, जैविक किटाणु उत्पादन गर्ने प्रयोगशाला तथा प्रयोगशालाबाट फ्याँकिने बिरामीको दिसा, खकार, पिसाब, रगत, वीर्य, तन्तु, सुई, तथा ब्लेडजस्ता तीखा, धारिला सामग्री, रसायन, औषधि, स्वास्थ्य उपकरण, शल्यक्रियाद्वारा निकालिएका अंग, गर्भपतन, अप्रेसन गरी फ्याँकिएका शरीरका भाग, विकिरणजन्य फोहोरलाई जनाएको छ । मेडिकल वेस्ट अत्यन्तै संक्रामक र शीघ्र फैलिने हुन्छ, वातावरणीय स्वास्थ्यका लागि ठूलो चुनौती उत्पन्न गर्न सक्दछ । हरेक क्लिनिक र अस्पताललाई फोहोर संक्रमणमुक्त बनाएर मात्र बाहिर निकाल्न बाध्यकारी बनाएको छ तर ब्यवहारमा अन्य नियम कानुन झैं कागजमै सीमित छ।

### फोहोरलाई मोहर बनाउन सकिने

तथापि, फोहोर आफैंमा खराब होइन 'अबगकभ यही खाएर बंगुर हलक्क बढ्छ, बोटबिरूवा गजबले सप्रिन्छ र त्यहीबाट बायोग्यास, ऊर्जा उत्पादन हुन्छ। अमेरिकाले फोहोरकै प्रयोग गरेर ९८ प्रतिशत स्टिल, ९६ प्रतिशत कारको ब्याट्री, ७४ प्रतिशत अल्मुनियम, ४३ प्रतिशत कागज तथा ४० प्रतिशत बचेको फोहोर र २७ प्रतिशत सिसाजन्य फोहोर पुनर्चक्रीय पद्धतिद्वारा प्रयोग गरी स्वच्छ सहर बन्न बनाउन सफल भएको छ। नेपाल सरकार र नेपालीले किन नसक्ने ? जान्नेलाई श्रीखण्ड र नजान्नेलाई खुर्पाको बिँडजस्तै छ फोहोर 'अबगकभ सहरको सौन्दर्य, वातावरण, पर्यटन व्यवसाय तथा स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने फोहोरलाई पुनः प्रयोग गरी मोहोर वा रुपैयाँमा बदल्न सकिन्छ भन्नेको जानकारी अभाव छ।

सीमित मात्रामा भए पनि गड्यौलाद्वारा स्तरीय मल उत्पादन विधि अपनाएर फोहोर तह लगाउने नभएका होइनन् । स्थानीयस्तरमै फोहोर व्यवस्थापनसम्बन्धी सचेतना तथा कृषिमल उत्पादन भएका छन् । उता घोराही नगरपालिकाले सहर सफा मात्र नगरी विभिन्न व्यवसाय पनि सञ्चालन गरी फोहोरबाट नाफा कमाएको छ। बाँयो ग्याँस प्लान्ट बनाई एलपी ग्यास तथा मलको खर्च जोगाउने प्रशस्त छन् ।

स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमा १० देखि १५ प्रतिशत संक्रामक र ७० देखि ९० प्रतिशत हानिकारक हुन्छन् । नियमले संक्रामक र हानिकारक फोहोरलाई संक्रमणमुक्त नबनाएर संस्था बाहिर निकाल्न पाइँदैन । यसरी नियम र सामान्य तथ्य नमानी संस्था बाहिर निकाल्दा र थुपार्दा व्यक्ति, वातावरण, समाज र नदी संक्रमित र दुर्गन्धित छन् । अस्पतालको फोहोर कुल फोहोरको १ प्रतिशत जति भए तापनि निकै संक्रामक र खतरनाक हुन्छ । अत्यन्तै हानिकारक फोहोरमैला सुरक्षित तवरले व्यवस्थापन नगर्ने हो भने वा घरेलु फोहोरसँगै मिसिन गएमा सहरी वातावरण एवं जनस्वास्थ्य, जीवजन्तुमा हानि पुग्छ, ठूलो प्रकोप फैलिन सक्छ।

फोहोर दैनिक रूपमा बढे तापनि आजसम्म ६५ प्रतिशत बढी जैविक अर्थात् कुहिने फोहोर छ जसलाई कम्पोस्ट मल बनाउन सकिन्छ भने ३५ प्रतिशत अजैविक फोहोरलाई पुनर्प्रयोग गरी व्यवस्थापन गर्न सकिन्छ । विकसित देशले फोहोरमैलालाई विभिन्न प्रविधिहरू अपनाएर फोहोरको उचित व्यवस्थापन गर्नुका साथै मनग्गे फाइदा लिइरहेका छन् । तर, हामीजस्तो विकासोन्मुख देशमा दिनानुदिन समस्या बन्दै जानुमा स्रोतसाधन र प्रविधिको कमीभन्दा पनि राजनीतिक प्रतिबद्धता, इच्छाशक्ति र अदूरदर्शिता प्रस्ट देखिन्छ।

■

# मोहीले स्वास्थ्यमा के फाइदा गर्छ ?

दही, मोही मन नपराउने सायदै नेपाली होलान् । अझ गर्मी मौसममा चिसो मोही पिउनुको मज्जा नै बेग्लै हुन्छ। मोही पिइरहने बानी भएपनि यसमा पाइने पोषक तत्वका विषयमा भने धेरैको चासो नहुन सक्छ।

मोही दहीबाट बनाइन्छ र यसमा शरीरलाई फाइदा पुऱ्याउने धेरै तत्व हुन्छन् । दहीबाट मोही बनाउँदा एक प्रकारको ब्याक्टेरिया पैदा हुन्छ, जसले पाचन प्रक्रियालाई चुस्त राख्न सहयोग गर्छ।

मोहीले शरीरमा रगतको कमी, पानीको कमी तथा कमजोरी हुनबाट जोगाउँछ। भोक नजाग्ने व्यक्तिले मोही खाएमा फाइदा पुग्छ।




### मोही बनाउने तरिका

मोही दुई तरिकाबाट बनाइन्छ। गाउँघरमा ठेकीमा दही मथेर परम्परागत तरिकाले बनाइन्छ । सहरी क्षेत्रमा भने कुनै प्लास्टिकको भाँडा वा माटोको भाँडामा पानी हालेर घोलेर तयार पारिन्छ।

### मोहीमा पाइने पोषक तत्व

मोहीले खासगरी पाचन यन्त्रलाई राम्रो बनाउँछ। यसमा क्याल्सियम, माइक्रो प्रोटिन (सूक्ष्म पोषण तत्व) र प्रोबायोटिक पाइन्छ।

प्रोबायोटिक भनेको सूक्ष्म जीवाणु हो, जसले हाम्रो शरीरभित्र भएको सूक्ष्म जीवाणुले राम्ररी काम गर्न नसकेको अवस्थामा बाहिरी खाद्यपदार्थमार्फत शरीरमा गएर त्यो सूक्ष्म जीवाणुलाई राम्ररी काम गर्न सहयोग गर्छ । यसले पाचन प्रणालीलाई सक्रिय बनाउँछ।

मोहीमा क्याल्सियम अधिक मात्रामा पाइने भएका कारण ह●ीहरुको विकासमा सहायता गर्छ । साथै यसमा माइक्रो प्रोटिन (सूक्ष्म पोषण तत्व)ले शरीरलाई स्वस्थ र तन्दुरुस्त बनाउँछ । मोही बेलुकाभन्दा पनि बिहान र दिउँसो खाँदा प्रभावकारी मानिन्छ।

### मोहीले स्वास्थ्यमा के फाइदा गर्छ ?

खाना खाइसकेपछि मोही पिउँदा पेटलाई शीतल गराउँछ। निद्रा नलाग्ने समस्याबाट पनि यसले मुक्ति दिन्छ। त्यस्तै मोहीको नियमित सेवन गर्दा आन्द्रा र पेटसम्बन्धी रोगको जोखिम न्यून गराउँछ।

मोहीको सेवनले झाडापखाला, कब्जियत र पायल्सको समस्या स्वतः समाधान हुन्छ । मोहीले मुटुको रोग, उच्च रक्तचाप नियन्त्रण गर्न सहयोग गर्छ । यस्तै कोलेस्टेरोल र मुटुसम्बन्धी समस्यामा पनि मोही फाइदाजनक हुन्छ।

### मोही कति दिनसम्म राखेर खान सकिन्छ ?

सामान्यतया गाउँघरमा बनाएको मोही २-३ दिनसम्मका स्वास्थ्यवर्द्धक हुन्छ। त्यसपछि अमिलो हुने सम्भावना हुन्छ। यद्यपि फ्रिजमा राखिएको मोही भने एक महिनासम्म पनि प्रयोग गर्न सकिन्छ।

### कस्तो अवस्थामा मोही खान हुँदैन ?

आमाशय कमजोर भएमा, आन्द्राको समस्या, घुँडा वा जोर्नीको समस्या, चिसो लागेको बेला, शरीरको कुनै भाग सुन्निने समस्या भएमा मोही सेवन गर्नुहुँदैन । यसले दुखाइ बढाउने वा सुन्निएका भाग झन् बढाउन सक्छ । साथै कसैकसैलाई एलर्जी पनि हुने गर्छ, त्यस्ता व्यक्तिले नखाँदा उपयुक्त हुन्छ । यसले चिसो लाग्छ भन्ने हुँदैन बरु रुघाखोकी लागेको छ भने कम खानु भन्ने सुझाव दिइन्छ । मोही बेलुका खानु स्वास्थ्यको लागि राम्रो हुँदैन।

## रामपुरमा बन्यो ५० शैयाको अस्पताल
# बिशेषज्ञ सेवाको पर्खाईमा स्थानीय




पाल्पा, २७ चैत

पाल्पा जिल्लामै सरकारी तवरमा सबैभन्दा ठूलो अस्पताल रामपुरमा निर्माण भएको छ। निर्माण कार्य सुरु भएको करिव आठ वर्षमा ५० शयूयाको रामपुर अस्पताल भवन निर्माण भएपछि स्थानीयलाई सहज हुने भएको छ।

नयाँ भवनको संरचना तयार भएपछि विशेषज्ञसहितको सेवा पाउने आशामा स्थानीय छन् । यस अस्पताल २०७२ सालमा पचास शयूयामा स्तरोन्नति भए तापनि पन्ध्र शयूयाकै पुरानो भवनबाट खुम्चिएर सेवा दिइएकोमा नयाँ भवन निर्माण भएपछि सेवा प्रवाहमा धेरै सहज हुने स्थानीयवासी तथा अस्पताल विकास समितिका पूर्वउपाध्यक्ष फणेश्वर गौतमले बताए । 'पचास शयूयामा स्तरोन्नति भए तापनि भवन तयार नभएकाले विशेषज्ञ सेवा सञ्चालन हुन नसक्दा यस क्षेत्रका स्थानीय विशेषज्ञ सेवा लिन बुटवल, पोखरा, काठमाडौं, चितवन जानुपर्ने बाध्यता बन्यो', उनले भने, 'भवनको संरचना तयार भएको हुदा सो सेवा रामपुरबाटै पाएपछि स्थानीयलाई अन्यत्र जानुपर्ने समस्या हट्नेछ।'

एक हजार सात सय वर्गमिटरमा फैलिएर तयार भएको अस्पतालको भवनसहितको संरचना भ्याटबाहेक रविना कन्ट्रक्सन प्रालि काठमाडौंले २०७२ कात्तिक १७ गते सम्झौता गरी २० करोड दुई लाखको लागतमा भवन निर्माण गरेको हो। आर्थिक वर्ष २०७२/७३ को पुसदेखि निर्माण कार्य सुरु गरिएको सो भवन कोभिड-१९ को असरले गर्दा धेरै समय लम्बिन पुग्यो।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डाक्टर विजय परियारले पचास शयूयामा स्तरवृद्धि भए पनि भवन निर्माण नहुँदा प्राथमिक सेवा केन्द्रको संरचनामा सेवा प्रदान गर्दै आएकोमा नयाँ भवनबाट बहुविशेषज्ञ सेवा दिने लक्ष्यसहित अघि बढेको बताउँदै हिजोको दिनमा भन्दा फरक ढङ्गले सेवा प्रवाह गर्ने जानकारी दिए।

पाल्पाको पूर्वी भेग, स्याङ्जा, तनहुँ र नवलपुर (नवलपरासी सुस्ता पूर्व) को केन्द्र भागमा रहेको यस अस्पताल कालीगण्डकी करिडोर सडकसँगै जोडिएको छ। सडक सञ्जाल विस्तार र जनघनत्व बढ्दै जाँदा यस अस्पतालमा बिरामीको चाप उत्तिकै बढ्दो छ।

हिजोका दिनमा सामान्य उपचारका लागि पाल्पाको तानसेन, स्याङ्जाको वालिङ, बुटवल जाने स्थानीय सडक सुविधा जोडिएपछि रामपुर अस्पतालमै जाने क्रम बाक्लिदो छ । यहाँ दैनिक तीन सय बढी बिरामीले सेवा लिइरहेका छन्।

सडक सुविधाले गर्दा रामपुर चार जिल्लाको केन्द्रमा जोडिएसँगै अन्यत्र जाने नागरिक हिजोआज रामपुर अस्पतालमै उपचारमा आउने क्रम बढेकाले सेवाको दायरा फराकिलो बनाउँदै कर्मचारी व्यवस्थापन गरी विशेषज्ञ सेवा दिने तयारीमा रहेको अस्पताल विकास समिति अध्यक्ष रामप्रसाद ढकाल बताउँछन्।

'भवन अभावमा विशेषज्ञ सेवा सुरु गर्न सकिएको थिएन, अब संरचना तयार भएको छ, विशेषज्ञ सेवा सञ्चालन गरेर प्रभावकारी सेवा दिने तयारीमा छौं', उनले भने । पाल्पा सदरमुकाम तानसेन देखि करिब ६५ किलोमिटर पूर्वमा रहेको यस अस्पतालमा हाल प्रसूति, एपेण्डिसाइटिस, हर्निया, हाइड्रोसिललगायतको शल्यक्रियामार्फत उपचार हुन थालेपछि स्थानीयलाई ठूलो राहत पुगेको छ।

सो समस्याको उपचारका लागि यसअघि सदरमुकाम तानसेन, बुटवल, पोखरा, काठमाडौँ जानुपर्ने बाध्यता थियो । रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले पूर्वाधार निर्माण अब स्तरीय सेवा कसरी दिने भन्नेतर्फ केन्द्रित हुनुपर्ने बताउँदै यस अस्पताल रामपुरमा मात्रै नभई गण्डकी बेँसी क्षेत्रका नागरिकको लागि प्रत्यक्ष भूमिका खेल्ने अस्पताल रहेकाले नगरपालिकाबाट अस्पतालको व्यवस्थापन र सञ्चालनका लागि पूर्ण साथ र सहयोग रहने बताउँछन्।

प्रदेश सरकारको मातहतमा रहेको रामपुर अस्पताल लुम्बिनी प्रदेशको नजरमा रहेकाले अस्पताललाई ट्रमा सेन्टरको रुपमा अघि बढाउनुपर्ने, रामपुर अस्पताल पालिकास्तरमा निर्माण भएका अन्य अस्पतालको अभिभावकत्व ग्रहण गर्ने र विशेषज्ञ सेवा दिने अस्पतालको रुपमा स्थापित हुनु आवश्यक रहेको लुम्बिनी प्रदेशसभा सदस्य राजुप्रसाद श्रेष्ठले बताए।

नयाँ भवनको तल्लो तलामा हाल ओपिडी सेवा प्रवाह भइरहेको छ।

विशेषज्ञ सेवाका लागि अहिले विभिन्न उपकरण जडान तथा व्यवस्थापनको काम अस्पतालमा भइरहेको छ। पचास शयूयाको अस्पताल भएकाले यहाँ नौ जना विशेषज्ञ डाक्टरको दरबन्दी छ।

विसं २०५२ मा प्राथमिक स्वास्थ्य केन्द्रका रुपमा स्थापना भई रामपुरमा स्वास्थ्य उपचार सेवा सञ्चालनमा ल्याइएको हो। सेवाको क्षेत्रलाई विस्तार गरी २०६७ सालमा १५ शयूयामा स्तरोन्नति भई सेवा दिँदै आएको उक्त अस्पतालको २०७२ सालमा ५० शयूयामा स्तरोन्नति गरिएको हो।

## सिद्धबाबा सुरुङमार्गको
# उपप्रधानमन्त्रीद्वारा निरीक्षण

**गौतमबुद्ध सन्देश**

बुटवल, २७ चैत।



सिद्धार्थ राजमार्ग अन्तरगत बुटवल-पाल्पा सडक खण्डको सिद्धाबाबामा निर्माणाधिन सुरुङ मार्गको उपप्रधान तथा गृहमन्त्री नारायण काजी श्रेष्ठ र भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले सोमबार निरीक्षण गरेका छन् । आयोजनाको निरीक्षण गर्दै मन्त्रीद्वयले समयमै काम सक्ने वातावरण निर्माणका लागि सरकार तयार रहेको उल्लेख गरे।

आयोजना बारे जानकारी गराउँदै सडक विभागका सिनीयर डिभिजनल इन्जिनियर अजयकुमार मुलले सिद्धबाबा क्षेत्रमा एक हजार १२६ मिटर लम्बाइको सुरुङमार्ग बन्ने तथा जोखिमयुक्त ठाउँमा प्यानल निर्माण हुने बताए । सुरुङमार्गको बीचमा तीन वटा एक्जिट अर्थात् बाहिर निस्कने द्वार समेत बन्ने जानकारी दिए । यसैगरी सुरुङमार्ग बाहेक बुटवलतर्फ र पाल्पातर्फ दुबै स्थानमा 'टनेल' तथा 'रक सेड' निर्माण गरिने जानकारी दिए । 'रक सेड' चट्टाने पहिरोमा सवारी र सडकलाई सुरक्षित गर्ने प्रविधि हो । सडकमाथि बलियो छाना बनाएर यसलाई निर्माण गरिन्छ। सडकमा आउने गरी पहिरो खसेमा छाना हुँदै चट्टान खोलामा पुग्नेछ । त्यसका लागि छानालाई भिरालो ढंगले तयार गरिने इन्जिनीयर मुलले जानकारी दिए । छानामुनिबाट गाडी गुडिरहँदा पहिरो झरेपनि त्यसले कुनै क्षति गर्ने छैन। माथिबाट झरहेका चट्टान छानाबाटै तीव्र गतिमा खोलामा खस्छ। सिद्धबाबामा ठूलो किसिमको चट्टान पनि खस्ने भएकाले त्यहाँ आरसीसी ढलानवाला सेड निर्माण गर्नुपर्ने उनले बताए। त्यसका लागि सडकको दुई भाग (दायाबायाँ) बलियो पिल्लर ठड्याइन्छ र त्यसमा मजबुत किसिमको छानो राखिन्छ । पहिरोको अवस्थाअनुसार यसमा आरसीसी ढलान र स्टिल स्ट्रक्चर दुबै प्रयोग गर्न सकिने मुलले जानकारी दिए। सुरुङमार्गको निरीक्षणपछि संक्षिप्त प्रतिक्रिया दिँदै भौतिक पूर्वाधार मन्त्री प्रकाश ज्वालाले सिद्धबाबाको सुरुङमार्गसँगै बुटवल-नारायणगढ सडकको कामलाई समेत तिव्रता दिनका लागि निर्माण कम्पनीलाई निर्देशन दिइएको जानकारी दिए। निर्धारित काममा काम पूरा नगरेको निर्माण कम्पनीले थपिएको समयमा समेत काम सक्ने अवस्था नदेखेपछि सबै पक्षसँग छलफल गरी तीब्रता दिन आग्रह गरिएको बताए। २ सिफ्टमा गरेर भएपनि निर्माणको कामलाई अघि बढाउनेगरी छलफल अघि बढेको उनले बताए।

उनले आफू मन्त्री भएपछि पहिलोपटक प्रारम्भिक जानकारी लिनका लागि निरीक्षणमा आएको बताए । उनले सुरुङमार्गको काम छिटो निर्माण सक्ने गरि आवश्यक निर्देशन दिने समेत बताए। उनले तत्तकालका लागि पास भएका योजनाका कामहरुलाई गुणस्तरीय रुपमा काम गर्न निर्देशन दिएको बताए। 'प्रधानमन्त्री ज्यूले पनि टेण्डर भएका, बजेट छुटिटएका योजना दुई सिफटमा काम गरेर भएपनि सक्न निर्देशन दिनुभएको छ' मन्त्री ज्वालाले भने -' अबको ३ महिना काम गर्ने समय हो, रिजल्ट निकाल्ने गरि काम गर्न सबैलाई भनेका छौं ।' उनले मन्त्रालय, विज्ञ एंव निर्माण व्यवसायीहरुसमेतको उपस्थितीमा समस्याहरुको पहिचान गरेर तिनिहरुको समाधान गर्ने गरि काम गर्ने बताए।

गृहमन्त्री नारायाणकाजी श्रेष्ठ सहित भौतिक पूर्वाधार मन्त्री ज्वाला, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव कुमार शर्मा, लुम्बिनी प्रदेशसभाका सभामुख तुलबहादुर घर्ती, पूर्व सांसद सोमप्रसाद पाण्डे, तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठ लगायतका जनप्रतिनिधिहरुको उपस्थिती रहेको थियो।

मन्त्री ज्वालाले बुटवलको राजमार्ग चौराहदेखि गोलपार्कसम्मको सडक यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न हुने बताएका छन् । निर्माण सुरुहुँदादेखिनै अदालतमा परेको मुद्दा, निर्माण कम्पनीको कमजोरी, बजेट अभाव लगायतका कारणले ढिला भएको बताउँदै उनले अब त्यस्तो नहुने उल्लेख गरे।


## Bhumikasthan Municipality
**Office of Municipal Executive**
Nuwakot, Arghakhanchi

**Invitation for Bids**

Second Date of publication: 11-04-2023 (2079/12/28)

1. Bhumikasthan Municipality invites electronic bids from Nepalese eligible bidders for the following works. Under National Competitive Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.
3. Bidders, submitting their bid electronically, should deposit the costNRs.1000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Parbhu Bank Ltd.
   Name of Office: Bhumikasthan Municipality Office
   Office Account no: 2587086986800138
   **Information to deposit the BID Security Amount in Bank:**
   Name of the Bank: Parbhu Bank Ltd.
   Name of Office: Bhumikasthan Municipality Office
   Office Account no: 2587086986800048
4. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi**at**1:00 pm** on **20April, 2023 (2080-01-07).**
5. electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp..Bids received after this deadline will be rejected. Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Inclusive of VAT) | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date of Bid submitted | Bid Open |
|---|---|---|---|---|---|---|---|---|
| 30/BMA/W/UPG/2079/080 | Sanaandheri Halde Motorable road upgrading works. | NRs. 1000.00 (Not Refundable) | 489170.57 | NRs. 12500 | 75 | 25-04-2023 (2080-01-12) | 26-04-2023 (2080-01-13) 12:00 noon | 26-04-2023 (2080-01-13) 1:00 PM |
| 31/BMA/W/UPG/2079/080 | Dharapani Dhakabang Motorable road upgrading works. | NRs. 1000.00 (Not Refundable) | 1162459.42 | NRs. 29500 | | | | |

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

6. Other details are available on the **E-Procurement Section** of PPMO Web Site www.bolpatra.gov.np/egp and Bhumikasthan municipality Office web site: www.bhumi8kasthanmun.gov.np



## Bhumikasthan Municipality
**Office of Municipal Executive**
Nuwakot, Arghakhanchi

**Invitation for Bids**

Date of publication: 11-04-2023 (2079/12/28)

1. Bhumikasthan Municipality invites electronic bids from Nepalese eligible bidders for the following works. Under National Competitive Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.
3. Bidders, submitting their bid electronically, should deposit the cost NRs.3000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Parbhu Bank Ltd.
   Name of Office: Bhumikasthan Municipality Office
   Office Account no: 2587086986800138
   **Information to deposit the BID Security Amount in Bank:**
   Name of the Bank: Parbhu Bank Ltd.
   Name of Office: Bhumikasthan Municipality Office
   Office Account no: 2587086986800048
4. Pre-bid meeting shall be held at **Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi**at**1:00 pm** on **30 April, 2023 (2080-01-17).**
5. electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp..Bids received after this deadline will be rejected. Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Inclusive of VAT) | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date of Bid submitted | Bid Open |
|---|---|---|---|---|---|---|---|---|
| **41/BMA/W/UPG/079/80** | Udayathanti High Grade Section Motorable Road Strengthening works. | NRs. 3000.00 (Not Refundable) | 7781905.74 | NRs. 195000 | **120** | **10-05-2023 (2080-01-27)** | **11-05-2023 (2080-01-28)** 12:00 noon | **11-05-2023 (2080-01-28)** 1:00 PM |

6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. Other details are available on the **E-Procurement Section** of PPMO Web Site www.bolpatra.gov.np/egp and Bhumikasthan municipality Office web site: www.bhumi8kasthanmun.gov.np



**Invitation for Sealed Quotation**
## Yasodhara Rural Municipality
**Office of The Rural Municipal Executive**
**Kapilvastu, Baidauli**


Sealed Quotation No:08/WORKS/SQ/YRM/079-80
Date of Publication : 11-04-2023

1. The Yasodhara Rural Municipality, Kapilvastu invites sealed quotations from registered contractors for the construction of Yougraj Mishra Ko Ghar Hudai Mul Sadak Samma P.....
2. The Estimated amount for the works is(in NRs.): 1,382,954.63 (Exclusive of VAT and Contingencies)
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Yasodhara Rural Municipality, Kapilvastu at Kapilvastu Kapilbastu or by reaching out to them at Telephone 9821567200 or by dropping a mail at itoyasodharamun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
4. Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document upon payment of a non-refundable fee of 1000.0 NRs. in the account specified below:
   Name of the Bank: Siddhartha Bank Ltd.
   Name of the Office: Yasodhara Rural Municipality, Kapilvastu
   Office Account no: 02715229661
5. Sealed bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 26-04-2023 12:00 hours . Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 26-04-2023 13:00 hours at the office of Yasodhara Rural Municipality, Kapilvastu, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.35000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
   [Note : As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required]

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

### थपिए एकैदिन १२४ नयाँ कोरोना संक्रमित

## सक्रिय संक्रमितको संख्या ४४४



काठमाडौं, २७ चैत । नेपालमा पछिल्लो २४ घण्टामा १२४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। ९०३ पीसीआर र १ हजार ६६३ एन्टिजेन गरी कुल २ हजार ५६६ जनाको परीक्षणमा उक्त संख्यामा संक्रमित देखिएका हुन्। पीसीआरमा ७० र एन्टिजेन परीक्षणमा ४७ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । नयाँ भेरिएन्ट देखिएसँगै संक्रमितको संख्या केही हप्तायता बढ्दो क्रममा छ। हाल सक्रिय संक्रमितको संख्या ४४४ पुगेको छ।

मन्त्रालयको नियमित कोभिड अपडेट अनुसार हाल संस्थागत आइसोलेसनमा २१ जना, आईसीयूमा १० जना र भेन्टिलेटरमा ४ जना रहेको देखिएको छ। पछिल्लो २४ घण्टामा सुदुरपश्चिम प्रदेशमा मात्र २० जनामा संक्रमण पुष्टी भएको छ।

# महिला स्वास्थ्य स्वयंसेविकाका लागि नेतृत्व विकास तालिम



गौतमबुद्ध सन्देश
भैरहवा, २७ चैत ।

प्रतिमान–नीमा स्मृति प्रतिष्ठान सिद्धार्थनगर नगरपालिका–३, रुपन्देहीको आयोजना तथा अमेरिका नेपाल मेडिकल फाउण्डेशनको सहयोगमा महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि पाँचदिने तालिम सिद्धार्थनगर नगरपालिकामा सम्पन्न भएको छ। चैत २० गतेदेखि सुरु भएको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका आधारभूत रोग निगरानी र नेतृत्व विकासमा आधारित तालिम चैत २४ (शुक्रबार) एक कार्यक्रमकाबीच समापन गरिएको हो ।

यसअघि देवदह नगरपालिका र रोहिणी गाउँपालिकामा तालिम सम्पन्न भइसकेको प्रतिमान–नीमा स्मृति प्रतिष्ठानकी कार्यकारी निर्देशक स्वाती थापाले बताइन्। प्रतिष्ठानले स्वास्थ्य, शिक्षा, वातावरणलगायत क्षेत्रमा काम गर्दै आएको उनले बताइन्।

तालिममा ३० जनाको सहभागीता रहेको प्रतिमान–नीमा स्मृति प्रतिष्ठानका निर्देशक धर्म बहादुर के.सी.ले बताए । उनले महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धिका लागि तालिम आयोजना गरिएको बताए।

तालिम समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि सिद्धार्थनगर नगरपालिका वडा नम्बर ३ का वडाअध्यक्ष नारायण प्रसाद उपाध्यायले यस्ता तालिमले महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धिको सहयोग पुर्याउने बताए। उनले आगामी दिनमा पनि यस्ता तालिम आयोजना गर्नुपर्नेमा जोड दिए।

तालिमको प्रमुख प्रशिक्षक तथा स्वास्थ्य कार्यालय, रुपन्देहीकी पब्लिक हेल्थ नर्स अधिकृत कालिका भण्डारीले तालिम राम्रो भएको भन्ने सहभागीको प्रतिक्रियाबाट खुसीको अनुभुति भएको बताइन् । उनले महिला स्वास्थ्य स्वयंसेविकाले सिकेका कुराहरु व्यवहारमा उतार्न सके तालिम सफल भएको आफूले बुझ्ने बताइन्।

सिद्धार्थनगर नगरपालिका स्वास्थ्य शाखा प्रमुख गीता न्यौपाने पोखरेलले सिद्धार्थनगर नगरपालिकाका महिला स्वास्थ्य स्वयंसेविकाका लागि तालिम आयोजना गर्ने प्रतिमान–नीमा स्मृति प्रतिष्ठानलाई धन्यवाद दिइन्। उनले तालिममार्फत महिला स्वास्थ्य स्वयंसेविकाले खानेपानी, सरसफाईलगायत धेरै विषयमा जानकारी पाउने अवसर पाएको बताइन्।

तालिमको सहभागीकोतर्फबाट बोल्दै केसर जहा पठानले तालिममा सहभागी हुने मौका पाएकोमा खुसी व्यक्ति गरिन्। उनले आगामी दिनमा पनि यस्ता तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिइन्।

प्रतिमान नीमा स्मृति प्रतिष्ठानको कार्यक्रम संयोजक ऋषिराम पौडेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । तालिमको सहजीकरण कालिका भण्डारी र सुनिता धवलले गरेका थिए।

## लियो जिल्ला परिषदको प्रथम अधिवेशन भैरहवामा हुँदै

भैरहवा, २७ चैत। (गौबुस) लियो जिल्ला परिषदको तेस्रो परिषद बैठक तथा प्रथम अधिवेशन आगामी २०८० बैशाख १६ गते भैरहवामा हुने भएको छ। रिजन ७ को संयोजनमा भैरहवास्थित होटल पौवामा लियो जिल्ला परिषदको बैठक तथा प्रथम अधिवेशन हुने आयोजकले जनाएका छन्।

नवलपरासी, रुपन्देही, पाल्पा, कपिलवस्तु काठमाण्डौ क्षेत्रका करिब ३ सय जना युवाहरुको सहभागीता हुने कार्यक्रमको तयारी तीव्र गतिमा अघि बढिरहेको कार्यक्रम संयोजक तथा रिजन ७ चिफ रितु ज्ञवालीले दिइन्।

लियो जिल्ला परिषदका अध्यक्ष एम.डी. न्यौपानेले कार्यक्रममा १८ देखि ३० वर्ष उमेर समूहका युवाहरुको सहभागीतामा हुने कार्यक्रममा संगठन लियोको विकास र भावी योजनाबारे छलफलसहित आगामी नेतृत्व चयन हुने बताए। सो का लागि लियो जिल्ला परिषदले शार्दुल मयुर कसौधनलाई निर्वाचन अधिकृत तथा अब्दुल साजिदलाई मनोनयन अधिकृत चयन गरी प्रक्रिया अघि बढाइसकेको न्यौपानेले जानकारी दिए।

## साई ग्लोबलमा तीनदिने शिक्षक क्षमता अभिवृद्धि तालिम

भैरहवा, २७ चैत। (गौबुस) साई ग्लोबल सेकेण्डरी स्कूल, सिद्धार्थनगर–८, रुपन्देहीको आयोजनामा तीनदिने शिक्षक क्षमता अभिवृद्धि तालिम कार्यक्रम सम्पन्न भएको छ। शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमको आयोजना गरिएको विद्यालयले जनाएको छ।

तालिममा उत्कृष्ट विद्यालयका विशेषता र आदर्श मार्गदर्शन, सुधारात्मक शिक्षण रणनीति, प्रभावकारी प्रश्न निर्माण सीप, सहयोगी सिकाइ वातावरणका लागि मनोसंवेगात्मक सचेतनासहितको कक्षाकोठा व्यवस्थापन रणनीति, मुख्य विषयवस्तुको बुँदा टिपोट, पाठ योजना निर्माण, डिजिटल सिकाइ साधनको प्रयोग गरी स्वतन्त्र सिकाइ संस्कृति निर्माण, इलर्निङ पोर्टल, शिक्षक तथा विद्यार्थी वेल बिइङ र विभिन्न नविनतम सिकाइ रणनीतिहरुको अभिमुखीकरण एवं अभ्यास गरिएको थियो।

शनिवार आयोजित तालिम समापन कार्यक्रममा बोल्दै विद्यालय सञ्चालक समितिका अध्यक्ष हरि बहादुर थापाले तालिमबाट सिकेका नविनतम सीपहरुको कक्षाकोठामा उपयोग गर्न शिक्षकहरुलाई आग्रह गरे । उनले शिक्षकको कार्यक्षमताबाट विद्यार्थीको उपलब्धि बढ्ने भएकोले उत्कृष्ट सिकाइ वातावरण सिर्जनाका लागि व्यवस्थापनको पक्षबाट निरन्तर कार्य गरिरहने बताए।

त्यस्तै विद्यालयका प्रबन्ध निर्देशक मोती प्रसाद पौडेलले शिक्षकको क्षमता अभिवृद्धि भए कक्षाकोठामा राम्रो प्रभाव पर्ने भएकोले आगामी दिनमा विद्यालयले थप शिक्षक सहायता कार्यक्रम सञ्चालन गर्ने बताए।

विद्यालयका प्रिन्सिपल डा.कौशल राज गौतमले शैक्षिक सत्र २०८० देखि कक्षा शिक्षण, विद्यार्थीको सिर्जनशील क्षमताको प्रस्फुटनका लागि जर्नल प्रकाशन र शिक्षकहरुका पेशागत विकासका कार्य गर्ने बताए।

त्यसै गरी सहजकर्ता गोपाल प्रसाद बस्यालले विद्यालयमा प्राज्ञिक शैक्षिक कार्यका साथै परियोजना कार्य, विद्यार्थी गुणीय चक्र, अभिभावक शिक्षा जस्ता सामाजिक एवं सर्वागीण विकासका कार्य गर्न सुझाव दिए।

समापन सत्रमा विद्यालयका सहायक प्रिन्सिपल विष्णु प्रसाद पाण्डे, शिक्षक विनिता गैरे र प्रकाश ज्ञवालीले तालिमका सिकाइ उपलब्धिको संक्षेपीकरण प्रस्तुत गरेका थिए।

तालिमको सहजीकरण प्रशिक्षक गोपाल प्रसाद बस्यालले गरेका थिए।

## जनता...

भइरहेका छन् । निर्माण भइरहेको सबैमा एकै किसिमको गुणस्तरहीन ईंटा सामग्री प्रयोग भएको पाइएको छ।

प्रदेश सरकारले गरिब र अति विपन्न घरपरिवारका लागि जनता आवास निर्माणका काम सुरु गरेको हो। गाउँपालिकाभित्र निर्माण भइरहेको जनता आवासमा ईंटा पुर्याउने जिम्मेवारी लिएका ठेकेदारले निर्माणका लागि कमसल सामग्री भारेको स्थानीयले बताएका छन् । वडा नम्बर ६ बद्धौरका जनता आवास निर्माण समितिका अध्यक्ष बदरु जमा नाउले ईंटा खसाल्ने जिम्मेवारी लिएका व्यक्तिले राम्रो ईंटा खसाल्छु भन्दै भुक्याएर कमसल ईंटा भारेको बताए। उनले कमसल ईंटा खसालेको थाहा पाएपछि अब यस्तो गुणस्तरहीन ईंटा ठेकेदारलाई नभार्न र फिर्ता गरिने बताए।

यस्तै वडा नम्बर ५ बघमरवा गाउँकी सुधरा पासी घरमा जनता आवास निमार्णको काम सुरु भएको छ। उनले घरका मान्छेलाई थाहै नदिई ईंटा खसालेको बताइन्। काँचो ईंटा नखासाल्न् भन्दासमेत यस्तै ईंटा घर निर्माणमा प्रयोग हुने भन्दै मेरो कुरा खसाल्ने मान्छेले नसुनेको गुनासो गरिन् । उनले कस्तो ईंटा प्रयोग गरिने भन्ने कुरा हामीलाई थाहा नहुँदा भुक्याउने काम भएको बताइन् । यसैगरी सोही गाउँका पारसनाथ कोरीले पनि सबै ठाउँमा यस्तै कमसल ईंटा खसाली प्रयोग गरिरहेको बताए । कसले, कसरी यस्तो ईंटा खसालेको हो ? भन्ने कुराको जानकारी समेत नभएको बताए। उनले भने "मेरै घर बनिरहेको छ। मलाई नै थाहा छैन।" उनले सबैको मिलेमतोमा गुणस्तरहीन ईंटा प्रयोग भएको हुन सक्ने आरोप लगाए।

जनता आवास निर्माणको काम हेर्ने सब–ओभरशियर गोपाल क्षेत्रीले आवास निर्माणका सबै कार्यहरु गर्न रोक लगाएको बताएका छन्। उनले कमसल ईंटा प्रयोग भइरहेको थाहा पाएपछि त्यहाँ भारिएको उक्त गुणस्तरहीन सामग्री प्रयोग नगर्न र कामसमेत रोक्न घर निर्माण मिस्त्रीहरुलाई जानकारी गराई सकेको बताए । उनले इस्टिमेट अनुसार अब्बल गुणस्तरीय सामग्री प्रयोग गर्ने बताए। निर्माणका लागि भारिएका ईंटा फिर्ता गरि अर्को ईंटा खसाल्ने जानकारी गराइएको उनको भनाइ छ । उनले प्रति आवास निर्माण श्रमदानसहित ३ लाख ८५ हजार रुपैयाँको लागतमा २६ ओटा जनता आवास निर्माण भइरहेको जानकारी दिए।

यता ईंटा भार्ने ठेक्का लिएका प्रहलाद खाँनले अर्को राम्रो अब्बल ईंटा खसाल्ने बताएका छन् । उनले त्यहाँ भारिएका सबै ईंटा फिर्ता लिने गुणस्तरीय ईंटा भार्ने बताए। स्थानीय र आवास निर्माण समिति र सब–ओभरशियर लगायतको गुनासो आएपछि गुणस्तरीय ईंटा भार्ने उनले बताए।

## एमालेको...

अपराध कर्म गर्दै गइरहेको छ', उनले भने, 'यो सरकार नेपाली भूमिको रक्षामा यो सरकार चूँ पनि बोल्दैन । लोकतन्त्र र संविधानको रक्षाको लागि युवा संघ मैदानमा उत्रिनु पर्ने अवस्था आउन सक्छ।'

राजनैतिक मुद्दा लिएर सडकमा उत्रिनु पर्ने दिन आउन सक्ने भन्दै उनले राष्ट्रिय युवा संघलाई तयार रहन निर्देशन दिएका थिए। नेकपा एमालेका महासचिव शङ्कर पोखेलले आगामी निर्वाचनमा नेकपा एमाले पहिलो शक्ति बन्ने दावी गरेका छन्।

उनले अहिलेको निर्वाचनमा पनि जनताको लोकप्रिय पार्टी एमाले रहेको पुष्टि भएको उनले बताए। कांग्रेस एक्लै निर्वाचनमा होमिन डराएको भन्दै उनले भने, 'अघिल्लो निर्वाचनमा सबै पार्टी एक्ला एक्लै निर्वाचनमा होमिएको भए कांग्रेसले अहिले भन्दा धेरै सिट जित्न सक्थ्यो, एमालेले दोब्बर सिट हासिल गर्थ्यो र सरकार बनाउने थियो।' उनले अदालतका कारण एमाले पार्टी सरकारबाट बाहिरिनु परेको र प्रतिनिधि सभा सभामुखका कारण पार्टी विभाजन भएको आरोप लगाए । 'अदालतको सहारमा हामीलाई सरकारलाई हटाउने काम भयो प्रतिनिधि सभाका सभामुखको माध्यमबाट हाम्रो पार्टी विभाजन गर्ने काम भयो' उनले भने। अहिले नेपालको आर्थिक अवस्था दयनीय भएको पोखेलले भनाइ थियो।

'आर्थिक रुपमा संकटको डिलमा पुगेको छ । यो अवस्थामा मुलुकलाई जोगाउन एमाले मात्रैले सक्छ उनले भने,

नेपाली समाजलाई कमजोर बनाउन विखण्डन गर्ने गरि नेपाली मौलिक संस्कृति माथि प्रहार भइरहेको पोखेलको टिप्पणी थियो।

# दुर्घटनामा आठ घाईते

दाङ, २७ चैत। (गौबुस) दाङमा बस दुर्घटना हुँदा ८ जना यात्रु घाइते भएका छन् । दुई जना भने सिकिस्त रहेको प्रहरीले जनाएको छ।

सोमबार दिउँसो करिब साढे ४ बजेतिर लमही नगरपालिका–१ नर्तीस्थित पूर्वपश्चिम राजमार्गमा महेन्द्रनगरबाट बुटवलतर्फ जाँदै गरेको लु १ ख ९३९२ नम्बरको बसको पट्टाको पिन भाँचिएर अनियन्त्रित भई दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ।

घाइते हुनेमा रूपन्देहीको सियारी गाउँपालिका–१ बस्ने २१ वर्षीया रोशनी शाह यादव र रूपन्देही सैनामैना नगरपालिका–२ बस्ने ४६ वर्षीय ओमप्रसाद ज्ञवाली सामान्य घाइते भएको प्रहरीले जनाएको छ।

बुटवल उपमहानगरपालिका–११ बस्ने २० वर्षीया गीता सुवेदी रोशनी शाह यादवको एकमहिने छोरा शशी यादव सिकिस्त रहेका छन्।

बुटवल उपमहानगरपालिका–११ बस्ने ४ वर्षीय जस्तिन सुवेदी, सैनामैना नगरपालिका–४ बस्ने ६६ वर्षीया तुलसा पाण्डे, सोही ठाउँकी ६८ वर्षीया लक्ष्मीदेवी पाण्डे र कपिलवस्तु रुद्रपुर गाउँपालिका–४ बस्ने ५५ वर्षीय सुरज थापा सामान्य घाइते भएका र उनीहरुको उपचार लमही अस्पताल लमही दाङमा भइरहेको प्रहरीले जनाएको छ।

बसचालक रूपन्देही सैनामैना नगरपालिका–५ बस्ने ५१ वर्षीय कौशलराज न्यौपानेलाई खुट्टामा सामान्य चोट लागेको छ। उनलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।


खुसीको खबर




## शिक्षक आवश्यकता

जिल्ला रुपन्देही गैडहवा गाउँपालिका वडा नं. ७ अन्तर्गत यस श्री जीवन ज्योती माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१२/२६ गतेको निर्णय तथा गैडहवा गा.पा. को च.नं. २०९६ मिति २०७९/१२/२७ को विज्ञापन अनुमति पत्र अनुसार तपसिलका शिक्षकको आवश्यकता रहेको हुँदा योग्यता पुगेको इच्छुक नेपाली नागरिकलाई तपसिलमा उल्लेखीत कागजातहरु संलग्न गरी दरखास्त दिनको लागि मिति २०७९/१२/२८ गतेदेखि १५ दिने विज्ञापन आह्वान गरिएको छ।

| वि.नं. | पद | तह | किसिम | संख्या | शैक्षिक योग्यता | विषय | तलब स्केल |
|---|---|---|---|---|---|---|---|
| ०३/०७९/८० | शिक्षक | प्रा.वि. | राहत महिला | १ | आई.एड. वा सो सरह उर्त्तीण गरेको | सबै | नेपाल सरकारको नियमानुसार |
| ०४/०७९/८० | शिक्षक | मा.वि. | शिक्षण सिकाई अनुदान | १ | मूल विषय गणित बाट वि.एड. वा सो सरह उत्तिर्ण गरेको | गणित | शिक्षण सिकाई अनुदानको नियमानुसार |

**तपसिल:**
- हस्त लिखित निवेदन १ थान, - नेपाली नागरिकताको प्रतिलिपी २ थान
- शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपीहरु २/२ थान
- स्थायी अध्यापन अनुमति पत्र प्रतिलिपी २ थान
- निवेदन दस्तुरः रु. १५०० (एक हजार पाँच सय मात्र)प्रा.वि राहत र मा.वि. अनुदान समेत
- उमेरः १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको
- परिक्षाको किसिमः लिखित र अर्न्तवार्त
- दरखास्त दिने अन्तिम मितिः २०८०/१/१२ गते सम्म कार्यालय समय भित्र
- सम्पर्क मितिः २०८०/१/१३ गते (परिक्षा समितिको निर्णय अनुसार परिक्षा मिति तोकिनेछ।)
- सम्पर्क नं.: ९८४७३०१५८५, ९८१४४७०४०१

**श्री जीवन ज्योति माध्यमिक विद्यालय, विसोरिया**
गैडहवा गाउँपालिका–७, रुपन्देही

## शिक्षक आवश्यकता

जिल्ला रुपन्देही गैडहवा ८ मा संचालीत यस विद्यालयको वि.व्य.स. को मिति २०७९/१२/२७ गतेको निर्णय अनुसार तथा गैडहवा गा.पा. को चंनं. २०९७ मिति २०७९/१२/२७ को पत्र अनुसार शिक्षकको पदपूर्ति गर्न योग्यता पुगेको इच्छुक नेपाली नागरिकलाई दरखास्त दिनको लागि किति २०७९/१२/२८ देखी १५ दिनको लागि यो विज्ञापन आव्हान गरिएको छ।

**विज्ञापन नं.**: ०३/७९/८०
**पदः** शिक्षक
**तहः** प्रा.वि.
**किसिमः** राहत (महिला)
**संख्याः** १
**शैक्षिक योग्यताः** आई एड वा सो सरह उर्त्तीण गरेको
**विषयः** सबै
**तलब स्केलः** नेपाल सरकारको नियमानुसार
**आवश्यक कागजातहरुः**
- ■ हस्त लिखित निवेदनः १ थान
- ■ नेपाली नागरिकताको प्रतिलिपीः २ थान
- ■ स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपीः २ थान
- ■ शैक्षिक योग्यताका सम्पूर्ण कागजातहरु प्रतिलिपीः २ थान
- ■ उमेरः १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको
- ■ परिक्षा दस्तुरः २०००/- (दुई हजार मात्र)
- ■ दरखास्त दिने अन्तिम मितिः २०७९/१२/२८ गते देखि २०८०/१/१२ गते सम्म कार्यालय समय भित्र
- ■ परिक्षाको किसिमः लिखित तथा अर्न्तवार्ता
- ■ सम्पर्क मितिः २०८०/१/१३ गते परिक्षा मिति अनुसार तोकिने छ।
- ■ सम्पर्क नं. प्र.अ. ९८२५४५४६००, ९८४१५८३५९९

**श्री राजदीप आधारभूत विद्यालय**
गैडहवा–८, डोलह, रुपन्देही


गौतमबुद्ध मिडिया प्रा.लि. द्वारा प्रकाशित गौतमबुद्ध सन्देश दैनिकका लागि अध्यक्ष : खिम बहादुर खत्री, कार्यालय प्रमुख ⁄ प्रबन्ध सम्पादक : बिष्णु प्रसाद भट्टराई, सम्पादक : कुलमणि ज्ञवाली, सह–सम्पादक : रविन्द्र प्रताप गुप्ता
प्रधान कार्यालय : सि.न.पा.-७ भैरहवा, रूपन्देही, फोन नं.:०७१-५७४३३०, Email: gbsnews7@gmail.com (समाचार), gbsadd2018@gmail.com(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल